नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक, चौतारा

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
ईमेल: daochautara@gmail.com
daosindhupalchok@gmail.com

प.सं. प्र. ०८२/८३

## मदिरा बिक्री-वितरण निषेध गरिएको सम्बन्धमा अत्यन्त जरुरी सूचना।

मिति २०८२ साल फागुन २१ गते बिहीबारका दिन हुन गइरहेको प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वच्छ, निस्पक्ष, शान्तिपूर्ण र भयरहित बातावरणमा सम्पन्न गराउन सबैको कर्तव्य हो। यसै सन्दर्भमा, निर्वाचन आयोग नेपालको च.नं. १.१.१/३० क.प्र./०८२/०८३/३८६ मिति २०८२/११/१३ तथा गृह मन्त्रालय, निर्वाचन सेल, सिंहदरबार काठमाडौको च.नं. १३०७ मिति २०८२/११/१४ गतेको प्राप्त पत्रबाट लेखि आए बमोजिम मिति २०८२/११/१४ गते बसेको जिल्ला कमाण्ड पोष्टको निर्णयानुसार यस जिल्ला भित्र मदिरा बिक्री वितरण एवम् सार्वजनिक स्थलमा मदिरा सेवनमा निषेध गरिएको व्यहोरा सम्बन्धित सबैको लागि यो सूचना गरिएको छ।

### तपसिल

- **निषेधको अवधि :** मिति २०८२/११/१४ गते राती १२:०० वजे देखि निर्वाचन सम्पन्न नभएसम्म।
- **निषेधित कार्य :** यस जिल्लाभरी सबै प्रकारका मदिराजन्य पदार्थको बिक्री वितरण र सार्वजनिक स्थानमा मदिरा सेवनलाई पूर्ण निषेध गरिएको।
- **अनुगमन र कारवाही :** यस सूचनाको उल्लङ्घन गरी मदिरा बिक्री वितरण वा सेवन गरेको पाइएमा प्रचलित कानून बमोजिम कडा कारवाही गरिनेछ। साथै सुरक्षा निकायबाट यसको कडाईका साथ अनुगमन गरिनेछ।

निर्वाचनको अवधिमा सार्वजनिक शान्ति, सुरक्षा र सामाजिक सद्भाव कायम राख्नको लागि चालिएको यस कदममा राजनीतिक दल, नागरिक समाज, होटल व्यवसायी आम नागरिकबाट पूर्ण सहयोगको अपेक्षा गरिएको छ।

मिति : २०८२/११/१४

०८२/११/१४
..............................
(सुदर्शन श्रेष्ठ)
सहायक प्रमुख जिल्ला अधिकारी

सहायक प्रमुख जिल्ला अधिकारी